जस्मिन हाइजिन प्रोडक्ट्स लिमिटेड

टंकिसनुिवरी, विराटनगर मोरङ

प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०८/०८

यस जस्मिन हाइजिन प्रोडक्ट्स लिमिटेडको मिति २०८३/०८/०४ गतेको सञ्चालक समितिको बैठकले निर्णय गरेबमोजिम यस कम्पनीको प्रथम वार्षिक साधारणसभा तपसिलको मिति, समय र स्थानमा देहायका प्रस्तावहरुमा छलफल गरी निर्णय पारित गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभाव तथा सरोकारवालाहको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ । अतः सम्पूर्ण शेयरधनी तथा सरोकारवाला व्यक्तिहरु साधारणसभामा उपस्थित भइदिन हुन सादर अनुरोध गदछौं ।

साधारणसभा हुने मिति, समय र स्थानः

मिति : २०८३ पुस १ गते बुधवार ।

स्थान : कम्पनीको सभाहल, विराटगर मोरङ

समय : दिनको ४.०० बजे ।

छलफलका लागि प्रस्तावित विषयहरुः

१. सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले कम्पनीको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने ।
२. कम्पनीको आ.व. २०८२/८३ को वासलात तथा आर्थिक प्रतिवेदन पेश गर्ने ।
३. सञ्चालक समितिका निर्णयहरु अनुमोदन गर्ने ।
४. आर्थिक वर्ष २०८२/८३ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. साधारणसभाबाट पारित/अनुमोदित निर्णयहरु प्रमाणित गर्न प्रतिनिधि तोक्ने ।
६. सञ्चालक समितिको गठन गर्ने सम्बन्धमा ।
७. सार्वजनिक शेयर निष्काशन गर्ने र सो का लागि अख्तियारी प्रदान गर्ने ।
८. उपरोक्त प्रस्तावहरु स्वीकृति एवम् अभिलेखको लागि पेश गर्दा नियमनकारी निकाय वा कार्यालयबाट कुनै पनि विषयमा संशोधन, परिवर्तन तथा कुनै पनि किसिमको निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्ने लगायतका आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने बारे ।
९. विविध ।

साधारण सभासम्बन्धी थप जानकारी

१. सभामा भाग लिन आउनुहुने महानुभावहरुले प्रवेश पत्र देखाएरमात्र सभाकक्षमा प्रवेश गर्न पाइनेछ । प्रवेश-पत्र कम्पनीको रजिष्टर्ड कार्यालय, बागबजार, काठमाडौंमा सम्पर्क गरी प्राप्त गर्नसक्नु हुनेछ ।
२. साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको, सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी, प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरी सभा शुरु हुनुभन्दा ४८ घण्टा पहिले अर्थात् मिति २०८३/०८/२८ गते विहान ११:०० बजे भित्र इमेल मार्फत वा लिखित रुपमा यस कम्पनीमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति कम्पनीको बुक क्लोज हुनु अगाडिको शेयरधनी हुनु अनिवार्य छ ।
३. कुनै शेयरधनी महानुभावले छलफलका विषयहरू मध्ये विविध शीर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।
४. साधारणसभा सम्बन्धी अन्य विस्तृत जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, विराटनगरमा कार्यालय समयभित्र सम्पर्क राख्नहुन अनुरोध गरिन्छ ।

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव